थाक्रे गाउँपालिकाका अध्यक्ष श्री रामकुमार आचार्यज्यूबाट गाउँसभामा पेश गर्नु भएको

# आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम

थाक्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महादेववेशी, धादिङ
बागमती प्रदेश, नेपाल

## थाक्रे गाउँपालिकाको आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम

**सम्मानित सभाका सभाअध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरु,**

थाक्रे गाउँपालिकाको सम्मानित गाउँ सभाको १७औ अधिवेसन समक्ष आर्थिक वर्ष २०८२।०८३को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१. थाक्रे गाउँपालिकाको अध्यक्षको हैसियतले गाउँसभाको १७औ सम्मानित अधिवेशनलाई सम्बोधन गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। मेरो नेतृत्व क्षमता, दुरदर्शिता, कार्यानुभव र कार्य क्षमतालाई उच्च मूल्याङ्कन गर्दै दोस्रो पटकका लागि अध्यक्ष पदको टिकट दिने पार्टी र सिङ्गो गाउँपालिकाको समग्र विकासको लागि अमूल्य मत प्रदान गर्नुहुने मतदाता प्रति हार्दिक आभार व्यक्त गर्दछु।

२. यस अवसरमा सबैभन्दा पहिले म राष्ट्रको गौरव, एकता र अखण्डताका लागि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा समग्र मुलुकको शान्ति, प्रगति र उन्नतिका लागि देशमा भएका क्रान्ति, सशस्त्र आन्दोलन तथा जनआन्दोलनहरूमा अमूल्य जीवन अर्पण गर्नु हुने महान् सहिदहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरु प्रति शीघ्र स्वस्थ्यालाभको कामना गर्दछु।

३. थाक्रे गाउँपालिका समाजवाद उन्मुख आर्थिक सामाजिक विकास र सामाजिक न्यायसहितको समतामूलक समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न दृढ सङ्कल्पित छ।

४. सङ्घीय व्यवस्था पछिको स्थापना काल देखि नै "**समृद्ध नेपाल सुखी नेपाली**"को राष्ट्रिय लक्ष्यलाई आत्मसाथ गर्दै हामीले पनि **"समृद्ध थाक्रे, सुखी थाक्रेवासी"** को लक्ष्य लिदै आईरहेको छौ, सोही लक्ष्यलाई टेकेर आर्थिक, सामाजिक, भौतिक, साँस्कृतिक विकासको उद्देश्य, लक्ष्य, रणनीति र कार्यनीति सहितको स्पष्ट विकासको खाका निर्धारण गरिएको थियो। सोही अनुसार कार्यहरुसँगै उपलब्धीहरु पनि हाँसिल भइरहेका छन्।

५. गाउँपालिका लोकतन्त्रका मूल्य मान्यता, मानव अधिकार, सामाजिक न्याय सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासनप्रति पूर्ण प्रतिवद्ध छ। लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा थाक्रे गाउँपालिका हरेक क्षण प्रयत्नशील छ। गाउँपालिकाको भौगोलिक, आर्थिक, सामाजिक, साँस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न गाउँपालिका प्रयत्नशिल रहेको छ। योजनावद्ध र प्राथमिकताका आधारमा गुणस्तरीय र आधुनिक पूर्वधार निर्माणका कामहरु हुनुपर्छ भन्नेमा हामी दृढ सङ्कल्पित छौ।

**आदरणीय सभाअध्यक्ष महोदय,**

६. सौहौ योजनाको सोच, उद्देश्य, लक्ष्य र प्राथमिकताका क्षेत्रहरुलाई आत्मसाथ गर्दै थाक्रे गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रमको लक्ष्य **लैङ्गिक समानता, सामाजिक न्याय सहितको समृद्ध**

**थाक्रे** बनाउने रहेको छ। यो नीति तथा कार्यक्रम सङ्घीयताको कार्यान्वयन सगैं सिंहदरवारको अधिकार जनताको बीचमा पुऱ्याउन कोशे ढुङ्गा सावित भइरहेको छ भन्ने अपेक्षा गरेको छु। स्थानीय नागरिकको चाहना र भावना अनुसारका सेवा, सुविधा आवश्यकताको व्यवस्थापन, कार्यान्वयन र नियमन गर्ने निकाय गाउँपालिकाका जनप्रतिनिधि नै हुन भन्ने विश्वास बढिरहेको छ। जनप्रतिनिधिहरुको भुमिका नीति निर्माण र विकास निर्माणको अगुवाई, अनुगमन र नागरिकको सुख दुखमा साथ दिदै अगाडि बढिरहेको छ। स्थानीय सरकार, जनताको सुख दुख साथ दिदै जनताको घर दैलोमा पुगेको छ। हालसम्म गाउँपालिकाले गरेका सेवा प्रवाह र विकास निर्माणका क्रियाकलापहरु उत्साहजनक र उपलब्धिमूलक रहेका छन भन्ने विश्वास गरेको छु।

७. थाक्रे गाउँपालिका भित्र रहेको गरिबी, अशिक्षा, बेरोजगारी जस्ता समस्याहरु निराकरणका लागि कृषि तथा पशुपालन क्षेत्रको विकास, शिक्षा, स्वास्थ्य, पूर्वाधार, घरेलु तथा साना उद्योगको विकास जस्ता क्षेत्रहरुलाई मुख्य प्राथमिकतामा राखी नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ। असिमित आवश्यकताहरु बीच गाउँपालिकाको सिमित स्रोत र साधनहरुलाई न्यायोचित उपयोग गर्दै हाम्रा असिमित आवश्यकता र चाहनाहरुलाई प्राथमिकताको आधारमा क्रमश पूरा गर्दै समृद्धि हासिल गर्न **"समृद्ध थाक्रे, सुखी थाक्रेवासी"** को दीर्घकालिन सोचका साथ आर्थिक वर्ष २०८२।०८३को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## १) आर्थिक विकास तर्फ

### (क) कृषि तथा पशुपन्छी विकास सम्बन्धी नीति:

१) कृषि तथा पशुपालन व्यवसायबाट उत्पादनमा वृद्धि ल्याउनको लागि उत्पादनको आधारमाकृषकलाई अनुदानको व्यवस्था र आर्थिक अवस्था कमजोर भएका, रोजगारी नभएका दलित, गरिब, बिपन्न, सिमान्तकृत एबं असहाय परिवारको आयआर्जन वृद्धि गर्न कृषि तथा पशुपालन क्षेत्रमा आबद्ध गरि आवश्यक सहयोग गरिनेछ।

२) कृषि तथा पशुपालन उत्पादन वृद्धि गर्न सामुहिक कृषि तथा पशुपालनलाई प्रोत्साहन गर्दै भौगोलिक क्षेत्र अनुसारको सम्भाव्यता अध्ययन गरि “एक वडा एक उत्पादन” कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

३) आधुनिक प्रविधिमा आधारित कृषि तथा पशुपालनसम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि कृषकहरूलाई तालिम तथा घुम्ती शिविर सञ्चालन गरिनेछ।

४) दुग्धजन्य तथा मासुजन्य वस्तुको उत्पादन वृद्धि गर्न कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५) स्वास्थ्य रणनीति अन्तर्गत पशुपन्छीबाट मानिस र मानिसबाट पशुपन्छीमा सर्न सक्ने जुनोटिक रोगहरुको नियन्त्रण तथा व्यवस्थापन सम्बन्धि जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ। साथै रेबिज रोग लगायतका

रोगहरुको नियन्त्रणका लागि सम्बन्धित निकायसंग समन्वय गरि रोकथामका बिधि अपनाई विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ। निः शुल्क रेविज भ्याक्सिन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६) पशुपन्छीमा लाग्ने रोगहरूको प्रभावकारी निदान तथा उपचार सेवा प्रवाहका लागि दक्ष जनशक्तिसहितको भेटेरिनरी प्रयोगशाला स्थापना गरिनेछ भने, हावापानी र माटो सुहाउँदो उपयुक्त कृषि बाली छनोट गर्न गाउँपालिका भित्र रहेका उर्वर भूमिको पहिचान गरी माटो परीक्षण गरिनेछ र बिउ तथा माटो परीक्षण कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित सबै सरोकारवालासँग समन्वय गरी कार्यसम्पादन गरिनेछ।

७) पशुका लागि गुणस्तरीय आहार व्यवस्थापन गर्न घासको बिउ तथा बिरुवा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ र घास खेतीमा प्रोत्साहन गर्न कृषकहरूले उत्पादन गरेको बिउ तथा बिरुवा बिक्री वितरण कार्यमा सहजीकरण गरिनेछ।

८) कृषि तथा पशुपालन क्षेत्रको बृहत विकासका लागि एक वडा एक प्राबिधिकहरुबाट सेवा प्रवाहलाई निरन्तरता दिईनेछ।

९) व्यवसायिक पशुपालन, फलफुल, आलु ,कालो उखु र च्याउ खेति गर्ने कृषकहरुलाई अनुदान प्रदान गर्दै प्रोत्साहन गरिनेछ। व्यवसायिक केरा खेती कार्यक्रम अन्तर्गत विरुवामा ५०% अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

१०) पशुपालन व्यवसायलाई वैज्ञानिक, सुरक्षित र दिगो बनाउँदै पशुको स्वास्थ्य, उत्पादनशीलता र कल्याणमा सुधार ल्याउन गोठ तथा खोर सुधार र पशु बिमा कार्यक्रम सञ्चालन गरिनेछ।

११) तरकारी उत्पादन वृद्धि गर्न व्यावसायिक खेती, करेसाबारी, बगरखेती, करार खेती तथा कौशी खेतीलाई लक्षित गर्दै तालिम, प्रविधि र लगानीको व्यवस्थासहित नमूना कार्यक्रम सञ्चालन गरी प्रोत्साहन गरिनेछ र **'एक घर एक करेसाबारी'** अवधारणालाई अगाडि बढाई थाक्रे गाउँपालिकालाई तरकारी उत्पादनमा आत्मनिर्भर बनाइनेछ।

१२) अर्गानिक कृषि खेतीलाई बिशेष जोड दिदै एकिकृत शत्रुजिब ब्यबस्थापन, मिनि किट वितरण कार्यक्रम, कृषक पाठशाला तथा अन्य सचेतना मूलक कार्यक्रम(जैबिक मल तथा बिषादी सम्बन्धि) कार्यक्रम सञ्चालन गरिनेछ।

१३) व्यवसायिक तरकारी तथा फलफूल उत्पादनलाई थप प्रभावकारी बनाउन प्राबिधिक सहयोग, गूणस्तरीय बिउ बिजन/बिरुवा, भण्डारण तथा बजारीकरणमा आवश्यक कृषि सामग्री तथा पुर्वाधार निर्माणमा सहयोगको व्यवस्था मिलाई कृषि बिमा कार्यक्रम प्रारम्भ गर्ने व्यवस्था मिलाईनेछ।

१४) गाउँपालिकालाई तरकारी, फलफूल तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन बैदेशिक रोजगारबाट फर्किएका युवा र भूमिहिन सिमान्तकृत जनशक्ति तथा वेरोजगार युवालाई लक्षित गरि कृषिमा युवा सहभागिताको लागि लक्षित कार्यक्रम संचालन गरिनेछ। साथै भुमि बैंक, सहुलियत कर्जा तथा २० रोपनी भन्दा बढी जग्गा भाडामा लिई व्यवसायिक खेती गर्नेलाई २० प्रतिशत अनुदानको व्यवस्था मिलाईनेछ।

१५) जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्युनिकरण गर्दै जलवायु अनुकुल तथा उत्थानशिलप्राङगारिक लगायतका कृषि प्रविधिको विस्तार गर्दै बेमौसमी तरकारी खेतिको पूर्वाधारको रुपमा प्लाष्टिकघरमा तरकारी खेति गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६) फलफुल तथा तरकारी खेतीलाई प्रर्वद्धन गर्नको लागि लेयरिङ, ग्रफ्टिङ, कटिङ प्रविधि सम्बन्धि तालिम दिई उत्पादनमा जोड दिईनेछ।

१७) बालीमा लाग्ने रोग तथा किराहरूको नियन्त्रण तथा व्यवस्थापनका लागि बाली संरक्षण कार्यक्रम अन्तर्गत बाली उपचार शिविर सञ्चालन गरिनेछ भने, गाउँपालिकाका टाढा रहेका बस्तिहरुमा पशु चिकित्सक सहितको पशु स्वास्थ्य टोलीमार्फत पशु रोगको निदान तथा उपचार सेवा प्रदान गर्न पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

१८) पशुपन्छीहरूमा देखा पर्ने प्रमुख संक्रामक रोगहरूको प्रभावकारी नियन्त्रण तथा रोकथामका लागि नियमित खोप कार्यक्रम सञ्चालन गरिनुका साथै उपचार र रोग व्यवस्थापनमा आवश्यक पर्ने औषधीहरूको निःशुल्क वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१९) गरिब बिपन्न तथा किसानहरुको जीवन स्तर सुधारका लागि "किसान संग उपाध्यक्ष" कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२०) थाक्रे गाउँपालिकाका विभिन्न वडाहरूलाई भौगोलिक विशेषताका आधारमा तरकारी, फलफूल तथा पशुपालनका पकेट क्षेत्रको रूपमा विकास गरिनेछ।

२१) कृषक दर्ता तथा सूचीकरण गरी किसान परिचयपत्र वितरण कार्यलाई प्रभावकारी रूपमा निरन्तरता दिइनेछ।

२२) स्थानीय स्तरमा उत्पादन भएका कृषि, मासु र दूधजन्य सामग्रीहरूको बिक्री तथा वितरण सहज बनाउन हाटबजार सञ्चालन गरिनेछ र पालिका बाहिरका शहरी क्षेत्रहरूसम्म कृषकहरूको पहुँच पुऱ्याउन व्यापारिक केन्द्रहरू स्थापना गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ। साथै, स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणका लागि कोसेली घर निर्माण गरि सञ्चालनमा ल्याइनेछ। यो कार्यक्रमका लागि प्रदेश सरकारबाट पनि रकम विनियोजन गर्नका लागि आवश्यक पहल गरिनेछ।

**(ख) पर्यटन तथा संस्कृति प्रवर्द्धन सम्बन्धी नीतिः**

१) पर्यटनलाई आर्थिक विकासको श्रोतको रुपमा विकास गर्न पर्यटकीय स्थल निर्माण र पर्यटन पदमार्गको निर्माण गरि पालिकालाई पर्यटकीय गन्तव्यका् रुपमा विकास गर्ने नीति लिइनेछ ।

२) धार्मिक, सांस्कृतिक विविधता र भौगोलिक सुन्दरताले आन्तरिक तथा वाह्य पर्यटकको गन्तव्य स्थलको सम्भावना भएका दामेचौर, पोखरीचौर लगायतका स्थानमा पर्यटकीय पुर्वाधार निर्माण गर्ने र उक्त स्थानमा होम स्टे संचालनका लागि प्रोत्साहन गरिनेछ। साथै भूमिचुली, झण्डाचुली, पोखरी चौर, रानी झरना, थाम भञ्याङ, गणेश चौर, सेरापाखा, सरस्वती पार्क तथा भाषा संग्रहालय, केवलपुरे किसान पार्क, काउले, पानीढुंगा पार्क, सरस्वति पार्क लगायतका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३) गाउँपालिका क्षेत्रभित्र रहेको ऐतिहासिक धार्मिक तथा सांस्कृतिक सम्पदालाई संरक्षण गर्दै पर्यटकिय क्षेत्रको रुपमा विकास गरिनेछ।

४) गाउँपालिकामा भित्र रहेको भाषा, धर्म, संस्कृतिलई जीवन्तकालसम्म जगेर्ना गर्नका लागि विभिन्न संस्कृति झल्कने सांस्कृतिक संग्रहालय निर्माणका लागि विभिन्न सरोकारवालासँगको साझेदारीमा निर्माणको कार्य थालनी गरिनेछ।

५) निजीक्षेत्रसँगको साझेदारीमा पर्यटन महोत्सव, प्रचारप्रसार सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

६) आगामी आ.व. भित्र वडा नं. ९ को सेरापाखामा रहेको सरस्वती पार्क र विश्व भाषा संग्रहालय निर्माणको कार्यलाई यसै वर्ष भित्र सम्पन्न गरि यस पार्कलाई शैक्षिक पर्यटन गन्तव्यको रुपमा विकास गरिनेछ।

७) वडा नं. १ र ३ को मिलन विन्दु भुमिचुलिमा ध्यान गरिरहेको शिवको मुर्ति निर्माण र ३ नं.मा नै बुद्धको मुर्ति एवं गुम्बा निर्माणको कार्य सम्पन्न गरिनेछ।

८) गाउँपालिका स्तरिय पर्यटन प्रवर्द्धन समिती गठन गरि स्थानीय पर्यटनको विकास मार्फत पालिकाको आम्दानीको श्रोतमा बृद्धि गर्ने लक्ष्य लिइनेछ।

९) आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि, पर्यटन र यातायातको एकिकृत विकास गर्ने नीति अन्तर्गत कृपया अभियान सञ्चालन गर्ने नीति लिइनेछ।

**(ग) उद्योग, वाणिज्य तथा सहकारी सम्बन्धी नीतिः**

१) गाउँपालिकाबाट संचालन गरिने स्वरोजगारमूलक तथा सिपमूलक, क्षमता अभिवृद्धि लगायतका कार्यक्रमहरु लागत सहभागिताको आधारमा सम्बन्धित सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसँग समन्वय तथा सहकार्य गरी संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२) लघु उद्यमको विकासको माध्यमबाट गरिवी निवारण गर्न CTEVT, युवा परिषद तथा निजि क्षेत्र समेतको सहभागितामा लघु उद्यम कार्यक्रम संचालनमा जोड दिइनेछ।

३) ग्रामिण गरिवी न्युनीकरणका लागि विभिन्न स्वरोजगारमूलक र आयआर्जनका कार्यक्रम प्राथमिकताका साथ संचालन गरिनेछ।

४) वाणिज्य क्षेत्रलाई व्यवस्थित, मर्यादित र अनुशासित बनाई उपभोक्ताको हित अभिवृद्धिका लागि बजार अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५) **"एक स्थानीय तह एक औद्योगिक ग्रामको"** नीति अनुरुप औद्योगिक ग्राम स्थापनाको लागि सिमपानी सामुदायिक वन सल्लाघारी वडा नं. ९ पहिचान गरिएको छ।

६) सार्वजनिक, निजी साझेदारीको अवधारणाको आधारमा उद्योग स्थापनाको लागि लगानी आकर्षण गरिनेछ।

७) सहकारी संस्थाको दर्ता, अभिलेखिकरण, नियमन लगायतका कार्यहरुलाई सहज र व्यवस्थित गरिनेछ साथै सहकारी संस्थाको क्षमता विकासका लागि सहकारी शिक्षा, नेतृत्व विकास एवं व्यवस्थापन तालिम संचालन गरिनेछ।

८) विकासमा सबै क्षेत्रलाई सहभागी गराई विकासको कार्यलाई तिव्रता दिन सरकारी, निजी र सहकारी तिन वटै निकाय मार्फत विकासको अभियान सञ्चालन गरिनेछ।

९) वर्तमान अवस्थामा विदेशबाट फर्केका समग्र युवाहरुको सीप, क्षमता र अनुभवलाई एकीकृत गरि गाउँपालिकामै रोजगार बनाउने नीति तथा कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

१०) युवा स्वरोजगार कार्यक्रम मार्फत युवा जनशक्तिलाई परिचालित गरिनेछ। स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।

११) गाउँपालिका भित्र रहेका अति विपन्न घरपरिवारलाई स्वरोजगार एवम् आयआर्जनको कार्यक्रम मार्फत गरिबी निवारणको गर्ने नीति लिइने छ। यसका लागि **"विपन्नसँग अध्यक्ष"** कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिइनेछ।

१२) महिला, दलित, सिमान्तकृत लक्षित समुदाय तथा अन्य घरेलु हिंसाबाट पिडित महिलाहरुलाई लक्षित गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गर्नुका साथै **"उद्यमीसँग उपाध्यक्ष"** कार्यक्रम को माध्यमबाट उनीहरुको जीवन स्तर उकास्ने गरी आर्थिक सशक्तिकरण गरिने छ ।

## २. सामाजिक विकास तर्फ

### (क) स्वास्थ्य सम्बन्धी नितिहरू:

१) पुर्ण खोपयुक्त थाक्रे गाउँपालिका कायम राख्न २ बर्ष मुनिका सवै बालबालिकाले पाउनु पर्ने सम्पुर्ण खोपहरु पाएको सुनिश्चित गरी पुर्ण खोपयुक्त थाक्रे गाउँपालिका कायम राख्ने नीति अवलम्बन गरिनेछ।

२) स्थानीय सरकारले गुणस्तरिय स्वास्थ्य, शिक्षा, स्वच्छ खानेपानी तथा सरसफाई सेवामा सबै गाउँपालिका बासिको समतामुलक पहुच हुनेगरी कार्यक्रम संचालन गरिनेछ।

३) स्वास्थ्यमा सबैको सहज पहुँच पुर्याउनका लागि स्वास्थ्य ईकाइहरुको निर्माण, स्तरोन्नती, पुर्वाधार विकास जनशक्तीको व्यवस्था र सेवाको गुणस्तरमा वृद्धी गरिनेछ।

४) यस गाउँपालिका भित्रका विपन्न र दलित परिवारको निःशुल्क स्वास्थ बिमा गर्ने कार्यक्रमलाई निरन्तरता दिदै प्रभाबकारी बनाउने नीति अवलम्बन गरिनेछ।

५) नागरिकहरुको स्वास्थ्यलाई विशेष ध्यानमा राखी प्राकृतिक चिकित्सा, योग अभ्यास तथा थर्मल थेरापी सेवाको विस्तार स्वस्थ नागरिक उत्पादनको आधार अभियान चलाईनेछ, साथै मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रमलाई अझै प्रभावकारी रुपमा संचालन गरिनेछ।

६) गाउँपालिका भित्रका स्वास्थ संस्थाहरुमा अत्यावस्यक औषधीहरुको अभाव हुन नदिन औषधी तथा औषधिजन्य सामाग्री खरिदमा लगानी वृद्दी गर्ने नीति लिईनेछ।

७) स्वास्थ्यमा सर्वव्यापी पहुँच "**सबैका लागि प्राथमिक स्वास्थ्य सेवा**" भन्ने विश्व स्वास्थ्य संगठनको अवधारण अनुरुप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनरुथापनात्मक सेवालाई एकीकृत रुपमा विकास र विस्तार गरिनेछ।

८) गर्भवती महिला, जेष्ठ नागरिक तथा विपन्न नागरिकलाई स्वास्थ्य सस्था सम्म सहज पहुँचका लागि निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिने छ। साथै आम नागरिकको लागि सहुलियत रुपमा एम्बुलेन्स सेवालाई निरन्तरता दिइने छ। यस कार्यलाई थप व्यवस्थित बनाउन कार्यबिधि वनाई लागु गरिनेछ, साथै जेष्ठ नागरिक र पुर्ण अशक्त अपांङ्गहरुको स्वास्थ्य स्थिती सुधारका लागि हरेक महिना स्वास्थ्यकर्मी टोल-टोलमा पुगी स्वास्थ्य परिक्षण तथा औषधि वितरण कार्यको सुरुवात गरिनेछ।

९) मानसिक स्वास्थ्य, आँखा, मुख नाक,कान, घाटी स्वास्थ्य सेवा लगायतका उपचार सेवालाई विकास र विस्तार गरिनेछ। साथै आवश्यकता पहिचान गरी विशेष तथा एकीकृत स्वास्थ्य शिविर संचालन गरिनेछ।

१०) पोषणको अवस्थालाई सुधार गर्न, मिसावटयुक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवंम स्वास्थ्यवर्धक खाद्यपदार्थको प्रवर्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरिनेछ। पोषण कर्नरलाई हरेक स्वास्थय संस्थामा सुदृढ गर्दै लगिनेछ,साथै बर्षमा दुईपटक पाँचैवटा स्वास्थ्य चौकिहरुमामा स्वस्थ बच्चा प्रतिस्प्रर्धा गराईनेछ। जसबाट आ-आफ्नो बच्चा स्वस्थ बनाउने प्रतिस्प्रर्धाबाट बालबालिकाको पोषण अवस्थामा सुधार हुनेछ। स्वास्थ्य संस्थामा प्रसुती भए वापतको सुत्केरीलाई दिने पोषणयुक्त खाना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११) किशोरकिशारी लक्षित विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, महिनावारी चक्र तथा सरसफाइ, प्रजनन् स्वास्थ्य बारे कार्यक्रम संचालन गरिनेछ।

१२) महिला स्वास्थ्य स्वयं सेविकाहरुले पाउने प्रोत्साहन भताको रकम वृद्धि गर्ने निति लिइएको छ।

१३) दुर्गम तथा ग्रामीण क्षेत्रमा अल्ट्रासाउण्डको सहायताले गर्भवती महिलाहरुको समयमै जटिलता पत्ता लगाई मातृ तथा नवजात शिशुको मृत्युदर घटाउनको लागि ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४) मातृ तथा नवजात शिशुको मृत्युदर घटाउनको लागि घरमा शुन्य प्रसुती घोषणा अभियान कार्यक्रम निरन्तरता दिइनेछ।

१५) महिलाको पाठेघर(आङ्ग) खस्ने समस्या सम्बन्धि लक्षित समूहमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ,साथै पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१६) स्वास्थ्य चौकीमा प्रोटोकल अनुसार ४ पटक गर्भजाँच तथा प्रसुती गराए वापत रु १५००।- बराबरको सुत्केरी प्याकेट वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७) स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तालिम सबै स्वास्थ्य संस्थाहरुमा संचालन गर्न आवस्यक पहल गरिनेछ। सुनौलो हजार दिनका आमा, आमा समूहका अध्यक्ष, व्यवस्थापन समिति, म.स्वा. से. तथा जनप्रतिनिधिहरुलाई सुरक्षित मातृत्व सम्बन्धि अन्तक्रिया कार्यक्रम संचालन गरिनेछ।

१८) स्वास्थ्य संस्थाहरुमा निस्कने फोहोरमैला व्यवस्थापन गर्न आवस्यक पहल गरिनेछ।

१९) स्वास्थ्य चौकीहरुमा प्रसुती सेवा लिन आउने सेवाग्राही र तिनका १ जना कुरुवालाई खाना तथा वस्नको व्यवस्था गरिनेछ।

२०) गुणस्तरिय स्वास्थ्य सेवालाई सबै स्वास्थ्य संस्थाबाट प्रवाह गर्नका लागि सबै स्वास्थ्य चौकिहरुमा गुणस्तरीय ल्याब व्यवस्थापनका लगि आवश्यक पुर्वाधारको थालनी गरिनेछ। स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्रलाई व्यवस्थापन खर्च निरन्तर उपलब्ध गराइनेछ।

२१) क्षयरोगका जोखिमयुक्त जनसंख्यामा(दुर्गम बस्ती, पिछडिएको वर्ग बसोबास गर्नेस्थल स्वास्थ्य संस्थाबाट टाढा रहेका बस्ती तथा स्वास्थ्य सेवामा पहुच कम भएका, कारागार, गुम्बा, स्कूल, बृद्धाश्रम, औद्यौगिक क्षेत्र) मा सक्रिय क्षयरोग खोजपड्ताल कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२२) मानसिक रोगीहरुका लागि ६-६ महिनामा मानसिक रोग बिशेषज्ञबाट चेकजाँच गराउनुका साथै मानसिक रोगीहरुलाई निःशुल्क औषधी आपुर्ती गर्न बिल अनुसारको रकम भुक्तानी गरिनेछ। साथै मानसिक रोगिको पुनर्स्थापनाका लागि हाम्रो मानव सेवा घर सञ्चालन गरि सेवा प्रवाह कार्यलाई प्रभावकारी बनाईनेछ।

२३) नियमित खोप लगाउने खोपकार्यकर्ताहरु र गाउँघर क्लिनिक संचालन गर्ने कर्मचारीलाई यातायात खर्च तथा संस्थागत खोप बापत भत्ता उपलब्ध गराइनेछ ।

२४) आधारभुत तालिम नलिएका तथा नयाँ भर्ना भएका महिला स्वास्थ्य स्वयं सेविकालाई आधारभुत तालिमको व्यवस्था गरि किटबक्स समेत वितरण गरिनेछ। यसका लागि औषधी लगायत स्वास्थ्य सामाग्री आपुर्ती गरिनेछ।

२५) गम्भिर र जटिल प्रकृतिका प्रसुति हुने गर्भवती महिलालाई हस्पिटल सम्म पुर्याउनका लागि आकस्मिक प्रेषण कोषको व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ। उत्तर प्रसुती सेवा अन्तर्गत सुत्केरी आमा तथा नवजात शिशुहरुको घरभेट कार्यक्रमलाई निरन्तरता दिईने छ र थप प्रभाबकारी बनाईनेछ।

२६) रात्रीकालीन सुत्केरी गराउने प्राबिधिक तथा सहयोगी कर्मचारी लाई प्रोत्साहन स्वरुप खाजाको व्यवस्थापनलाई निरन्तरता दिइनेछ।

२७) गर्भवती महिलालाई निःशुल्क क्यालसियम र फोलिक एसिड वितरणलाई निरन्तरता दिइनेछ ।

२८) महिला स्वास्थ्य स्वयंसेविका र सुरक्षित मातृत्व फोकल पर्सन, स्वास्थ्य संस्था प्रमुख तथा शाखामा कार्यरत कर्मचारीहरुलाई मासिक संचार खर्च उपलब्धतालाई निरन्तरता दिइनेछ।

२९) विपद व्यवस्थापन कोषमा पर्याप्त मात्रामा रकम विनियोजन गरिनेछ।

३०) बिभिन्न रोग लाग्न गई अक्सिजन लेबल कम भएका बिरामीको हकमा कोरोनाको समय देखि नै निःशुल्क हुदै आएको अक्सिजन सिलिन्डर वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३१) रेडक्रस तथा अन्य संस्थासँगको समन्वय र सहकार्यमा थाक्रे गा.पा. भित्रका जनताको लागि निःशुल्क रगत व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

३२) यसै आर्थिक बर्षभित्र तिलगंगा आँखा प्रतिष्ठानसगको सहकार्यमा स्थापना भएको थाक्रे ग्रामिण आँखा उपचार केन्द्रको सेवालाई थप प्रभावकारी बनाउँदै विद्यालय र वडा स्तर सम्म लगिने नीति लिईनेछ।

३३) विश्व स्वास्थ्य संगठनको एक स्वास्थ्य अवधारणा अनुरुप मानव स्वास्थ्य र पशुपन्छीको स्वास्थ्यमा देखिने जटिलताहरुको न्यूनिकरणको लागि एकीकृत कार्यक्रम बनाई लागु गर्ने नीति लिईनेछ।

३४) यस गाउँपालिका अन्तर्गत सम्पूर्ण सरकारी, निजी तथा सार्वजनिक र सामुदायिक कार्यालयहरु लगायत सार्वजनिक क्षेत्रमा लागु औषध, सूर्तीजन्य पदार्थको उत्पादन, बिक्रि वितरण, ओसार प्रसार र सेवनलाई निरुत्साहित गर्दै सो सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गरि लागु औषध उत्पादन र प्रयोगमा नियन्त्रण गर्ने नीति लिइनेछ।

**(ख) शिक्षा, युवा तथा खेलकुद सम्वन्धी नीतिहरुः**

१) विद्यालय शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन नियमित रुपमा अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणको व्यवस्था मिलाईनेछ। अनुगमन तथा सुपरीवेक्षण अवस्था अनुसार स्थलगत तथा विद्युतीय माध्यमबाट गर्ने व्यवस्था मिलाइनेछ।

२) आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका व्यक्तिहरुलाई शिक्षाको मूल प्रवाहमा ल्याउन सकारात्मक विभेदको नीति लिई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

३) गाउँपालिका क्षेत्र भित्र एवम् विद्यालय हाता भित्र छुवाछुत, बालश्रम र लैंगिक हिंसा एवं दुर्व्यवहार विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ। यस्ता घटनाको रोकथाम र नियन्त्रणको लागि विद्यालयहरूमा गाउँपालिकाका मनोसामाजिक मनोविशकर्ताहरुबाट परामर्श सेवाको व्यवस्था गरिनेछ।

४) सबै सामुदायिक विद्यालयहरुमा तोकिएको मापदण्डको आधारमा बालविकास केन्द्र सञ्चालन गरि प्रारम्भिक बाल कक्षा उमेर समुहका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

५) सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्दै शैक्षिक गुणस्तर अभिवृद्धी गर्नका लागि शिक्षकहरुको क्षमता अभिवृद्धी सम्बन्धी तालिमको व्यवस्थापन गरिनेछ।

६) उच्च शिक्षामा विद्यार्थीको पहुँच बढाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि महाकाली बहुमुखी क्याम्पसमा निःशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७) सामुदायिक विद्यालयको समग्र विकासको लागि विद्यालय स्वास्थ्य सचेतना(विश्वास) अभियान कार्यक्रम सञ्चालन गर्न आवश्यक नीति निर्माण गरि प्रकृया अगाडि बढाईनेछ। पढ्दै, रमाउदै, सजाउदै, कमाउदै गर्ने कार्य गरिनेछ।

८) प्रत्येक सामुदायिक विद्यालयबाट कम्तिमा १ जना IT शिक्षकलाई ICT सम्बन्धी तालिमलाई निरन्तरता गरिनेछ।

९) करार शिक्षक तथा कर्मचारीको नियुक्तिलाई व्यवस्थित, मर्यादित र प्रतिस्प्रर्धात्मक रुपमा सञ्चालन गरिनेछ।

१०) भौगोलिक अवस्था, विद्यार्थी संख्या र विद्यालय सञ्चालन तहको आधारमा दरवन्दी मिलान, विद्यालय समायोजन, कक्षा घटुवा एवम् बहुकक्षा शिक्षण नितीलाई कार्यान्वयन गरिनेछ।

११) आभारभूत तह (कक्षा १-५)मा विद्यार्थी संख्या र भौगोलिक अवस्थाका आधारमा गाउँपालिका अनुदान क्रमिक रुपमा घटाउँदै माध्यमिक विद्यालयहरुमा शिक्षक नियुक्ति गर्दा विद्यालयको आवश्यकताको आधारमा विषयगत रुपमा शिक्षक नियुक्ति गरिनेछ।

१२) विद्यालय तहका सम्पूर्ण परीक्षाहरु व्यवस्थित र मर्यादित रुपले सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१३) विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

१४) उत्कृष्ट सिकाई उपलब्धी हासिल गर्ने विद्यालय, शिक्षक र विद्यार्थीलाई पुरस्कार तथा सम्मान गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

१५) विद्यालय र समुदायबीच सहयोग, सहकार्य र साझेदारी निर्माण गर्दै विद्यालय विकासका लागि **हाम्रो विद्यालय राम्रो विद्यालय**को रुपमा विकास गर्न सम्बन्धित निकायहरुलाइ जवाफदेही बनाइनेछ।

१६) कक्षा ११ र १२ मा ऐच्छिक विषयका रुपमा विज्ञान तथा प्राविधिक विषय पठन पाठन गर्न चाहने विद्यालयलाई प्रोत्साहन गरिनेछ। साथै ज्योति मा.वि., पण्डित पौवामा +२ विज्ञान निः शुल्क सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ।

१७) मदन भण्डारी प्रौद्योगिक महाविद्यालय यसै आ.व.देखि सञ्चालन गर्नका लागि पहल गरिनेछ।

१८) सबै विद्यालयहरुमा आवश्यकता अनुसार बालमैत्री फर्निचरको व्यवस्था गरिनेछ। विद्यालय हाताभित्र सुरक्षित वातावरणमा पठनपाठन गर्न विद्यालय घेरावार तथा कम्पाउण्ड बाल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१९) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिमा सञ्चालन गरिने सबै विधामा विद्यालयको सहभागितालाई अनिवार्य गरिनेछ। जिल्ला स्तरीय प्रतियोगितामा पदक जित्ने विद्यार्थीलाई गाउँपालिकाबाट सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ। साथै विद्यालय स्तरमा खेलकुदका कार्यक्रमहरुलाई प्रोत्साहन गर्दै लगिनेछ।

२०) गाउँपालिकामा सञ्चालित विद्यालयहरुमा कार्यरत महिला शिक्षक सुत्केरी भएको अवस्थामा निजको स्थानमा सट्टा वैकल्पिक शिक्षकको व्यवस्थालाई निरन्तरता गरिनेछ जसका कारण लामो समय विद्यालयको पठनपाठन अवरुद्ध भई हुने शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न टेवा पुग्ने अपेक्षा गरिएको छ।

२१) गाउँपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरुमा विद्यार्थीको सहज आवत जावतलाई मध्यनजर गरी बस सञ्चालन गर्ने विद्यालयहरुलाई सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२२) विद्यालयभित्र सुशासनलाई सुदृढ गर्न सामुदायिक विद्यालयका व्यवस्थापन समिति र शिक्षा अभिभावक संघको पदाधिकारीहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

२३) विद्यार्थीलाई विभिन्न कारणले पर्ने मनोसामाजिक समस्यालाई समाधान गर्न गाउँपालिका भित्र रहेका कक्षा ५ माथिका प्रत्येक विद्यालयमा हप्ताका एक घण्टी मनोसामाजिक मनोविमर्श कक्षा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

२४) विद्यालयमा विद्यार्थीको पहुँच सुनिश्चितता गर्न विद्यार्थी भर्ना अभियानका साथै सम्पुर्ण शिक्षकहरू वर्षमा कम्तिमा १ पटक अभिभावकको घरदैलोमा पुग्ने नीति अवलम्बन गरिनेछ।

२५) संस्थागत विद्यालयहरुको नियमित अनुगमन, निरीक्षण र नियमनलाई निरन्तरता दिइनेछ।

२६) स्थानीय तहको अधिकार क्षेत्रभित्र आएको माध्यमिक तहसम्मको शैक्षिक संस्थाको अनुमति तथा नियमन कार्यलाई व्यवस्थित बनाई समयसापेक्ष प्रतिस्पर्धी गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण सिर्जना गरिनेछ।

२७) शिक्षकहरु बीचको शैक्षिक अनुभव आदानप्रदान मार्फत शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विषयगत समितिको व्यवस्थापन गरि परिचालन गरिनेछ।

२८) अनिवार्य तथा निः शुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२९) **दलित छात्रवृत्ति कार्यक्रम**लाई निरन्तरता दिईनेछ।

३०) युवाहरुलाई खेलकुद क्षेत्रमा आकर्षित गर्न र खेलकुद क्षेत्रको विकासको लागि पालिका स्तरीय युवा तथा खेलकुद परिषद गठन गरिनेछ ।

३१) गाउँपालिकाका विद्यालयमा रेडक्रस कार्यक्रम र स्काउट कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।

३२) ज्योति मा.वि.मा अपाङ्गमैत्री छात्रावास सहित दृष्टी विहिन बाहेकलाई पठनपाठनको व्यवस्था मिलाईनेछ।

**(ग) महिला, बालबालिका तथा समावेशीकरण सम्बन्धी नीतिः**

१) **"हाम्रो भविष्यको पहिचान र आधार, बालबालिकाको अधिकार सहितको समग्र विकास"** भन्ने नारामा साथ थाक्रे गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्न बालश्रम उन्मुलन तथा बालमैत्री गाउँपालिका निर्माणका लागि बाल बचाउ, संरक्षण, विकास र सहभागितामा सघाउ पुर्याउने कार्यक्रम सञ्चालन गरिनेछ।

२) गाउँपालिका भित्रका अति विपन्न असहाय, आपतकालिन तथा जोखिम अवस्थामा रहेका बालबालिकाहरुको हकहितको संरक्षण र सम्वर्द्धन गर्नका लागि बाल कोषको स्थापना गरिनेछ।

३) गाउँपालिका क्षेत्र भित्र रहेका महिला, अपाङ्ग, जेष्ठ नागरिक, बालबालिका र पिछडिएको वर्गको सशक्तिकरणमा विशेष जोड दिइनेछ। गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण महिलाको समग्र विकासका लागि एक परिवार कम्तीमा एक सदस्य रहने गरी गाउँपालिका क्षेत्रभरी महिला समूह गठन, परिचालन गर्न महिला सशक्तिकरण तथा संस्थागत विकास परियोजना कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ।

४) समाजमा विद्यमान रहेका हानिकारक अभ्यास, कुरीती र कुसंस्कृती जस्तै बालविवाह, बहुविवाहको अन्त्य गर्दै बालहिंसा, लैङ्गिक हिंसा मुक्त गाउँपालिका बनाउन विभिन्न सचेतना मुलक कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ।

५) अपांगता भएका व्यक्तिहरुको जीवनयापनलाई सहज बनाउन उनीहरुलाई आवश्यक पर्ने सहायता सामग्रीको व्यवस्थापन गर्न र उनीहरुलाई व्यवसायिक सिप सिकाई आत्मनिर्भर तर्फ उन्मुख गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।

६) अपाङ्गता भएका व्यक्ति, एकल महिला, जेष्ठ नागरिकका भलाई तथा हितका लागि (आर्थिक जिविकोपार्जन, सामाजिक, शैक्षिक आदि) सहयोग पुर्याउने हेतुले गाउँपालिकाले एक छुट्टै **"सहयोग कोष"** को स्थापना संगै आवश्यक कार्यविधि निर्माण गरि कार्यान्वयनमा जोड दिइनेछ।

७) अपांगता भएका व्यक्तिहरुलाई सेवामा विशेष प्राथमिकता दिई सिफारिस लगायतका सेवा सुविधाहरु निशुल्क उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।

८) दलित समुदायको परम्परागत सीप, कला र पेशालाई संरक्षण, संवर्द्धन र आधुनिकीकरण गरी व्यवसायीक बनाउन र रोजगारीको अवसर विस्तार गर्न **परम्परागत पेशा व्यवसाय प्रवर्द्धन कार्यक्रम** सञ्चालन गरिनेछ। साथै सीप विकास र बजार प्रवर्द्धनमा अनुदान दिइने कार्य प्रारम्भ गरिनेछ।

९) गाउँघरमा हुने घरेलु हिंसा तथा लैगिक हिंसालाई निरुत्साहित गर्न जोड दिइनेछ। घरेलु हिंसामा परेका महिला तथा अन्य व्यक्तिहरुका लागि सञ्चालित सुरक्षित आवास गृहलाई निरन्तरता दिईनेछ।

१०) **"विकासमा महिला, समृद्धिमा पहिला"** भन्ने नारालाई आत्मसाथ गर्दे गाउँपालिकाबाट संचालन गरिने विकास निर्माणका कार्यहरुमा महिलाहरुको नेतृत्व वृद्धि गर्ने नीतिलाई अवलम्बन गरिने छ। वडा स्तरका उपभोक्ता समिति मार्फत संचालन गरिने योजनामा कम्तीमा एक तिहाई योजनामा महिला नेतृत्वमा संचालन गर्ने नीति अवलम्बन गरिने छ। प्रत्येक योजनामा ५०% महिला उपभोक्ता समितिमा अनिवार्य राखिने व्यवस्था गरिनेछ।

११) गाउँपालिकाको बार्षिक कार्यक्रम बनाउँदा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रकृया अवलम्बन गर्ने नीति लिइने छ।

१२) लागू औषध दुर्व्यसनी न्युनीकरण गर्न सम्बन्धित संस्थाहरुसँग समन्वय गरी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

१३) गाउँपालिकामा वर्षौ देखि रहेका मुस्लिम समुदायको सम्बर्द्धन तथा मातृभाषा शिक्षालाई प्रवर्द्धन गर्ने तथा उनीहरुको चाडपर्व प्रोत्साहन कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

१४) समाजमा पछाडी पारिएका चेपाङ समुदायका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१५) महिला विरुद्ध हुने सबै खालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु संचालन गरी समुदायमा सचेतनामुलक अभियानहरु सञ्चालन गरिनेछ।

१६) बाबु आमा बिहिन बालबालिका संरक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१७) शहिद तथा बेपत्ता परिवारहरुलाई दिइदै आएको जीवन निर्वाह भत्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१८) महिला बालबालिका, ज्येष्ठ नागरिक, दलित, जनजाती आदि लक्षित समुदायले मनाउने विभिन्न दिवस तथा पर्वहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु जस्तै राष्ट्रिय महिला दिवस, अन्तराष्ट्रिय श्रमिक महिला दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, बाल दिवस, ज्येष्ठ नागरिक दिवस लगायतका कार्यक्रमहरु विभिन्न सरोकारवाला संघ संस्थाहरुको सहकार्यमा सञ्चालन गरिनेछ।

**(घ) खानेपानी तथा सरसफाई सम्बन्धी नीतिः**

१) खानेपानी पुगेका सबै घरधुरीमा स्वच्छ खानेपानी पुयाई **"एक घर एक धारा"** कार्यक्रमलाई कार्यान्वयन गरिनेछ साथै एक घर एक धाराको पहुँच पुगेको घरमा खानेपानी मीटर जडान गरी व्यवस्थित गर्ने कार्य निरन्तरता दिइनेछ।

२) खानेपानी तथा सरसफाईका लागि आवश्यक पर्ने पुर्वाधार तयार गरी विद्यालय, आम संचार माध्यम, सामाजिक संजाल लगायतका माध्यमबाट आम जनतामा सचेतना अभिवृद्धि गरी पुर्ण सरसफाई कार्यक्रमको प्रभावकारी कार्यान्वयनलाई निरन्तरता गरिनेछ।

३) जैविक विविधताको संरक्षण गर्न र हाल भईरहेको खानेपानीका श्रोतहरु सुक्दै गएकाले प्रत्येक वडामा कम्तीमा **"एक एक वटा परम्परागत पोखरीहरु"** निर्माण गर्ने नीतीलाई निरन्तरता दिइनेछ।

४) फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त कदम चालिनेछ। साथै सार्वजनिक, निजी, साझेदारीमा सार्वजनिक स्थल सरसफाई, बाटो सरसफाई, प्लाष्टिकजन्य वस्तुको प्रयोगमा न्युनीकरण तथा निषेध गर्न सहकार्य, समन्वय र पारस्परिक सहयोगका आधारमा कार्यक्रमहरु निरन्तर संचालन गरिनेछ।

५) नागरिकको स्वास्थ्यलाई मध्य नजर गर्दै उपकरण मार्फत खानेपानी शुद्धिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

६) यस पालिकाको स्थापना काल देखि नै एकघर एक धारा कार्यक्रम संचालन भई योजना सम्पन्न भईसकेका वडाहरुलाई "एक घर एक धारा" सम्पन्न वडा घोषणा गर्ने अभियान संचालन गरिनेछ।

७) राजमार्गको सडकहरुको स्तरउन्नी संगै यस पालिकाभित्रका पृथ्वीराजमार्ग, त्रिभुवन राजपथ र गल्छी सितापाईला सडक लगायतका शाखा सडकहरुमा हरियाली कायम गर्न बृक्षरोपणका साथै **"सुन्दर सडक, सुरक्षित गन्तव्य"** भन्ने नाराका साथ विभिन्न कार्यक्रमहरु सरोकारवालाहरुसंगको सहकार्यमा सञ्चालन गरिनेछ।

**३) पुर्वाधार विकास तर्फ**

**(क) भौतिक पुर्वाधार विकास (भवन तथा शहरी विकास) सम्बन्धि नीतिः**

१) आवश्यकतामा आधारित छोटो अवधिमा सम्पन्न गर्न सकिने बढि प्रतिफल दिने खालका योजना छनौट गर्ने नीति लिइनेछ।

२) मुख्य सडकबाट सबै वडा कार्यालयमा पुग्ने सहायक सडकहरुलाई पक्की सडकमा क्रमशः विकास गरि जनता र स्थानीय सरकारबीचको दूरी हटाइनेछ ।

३) गाउँपालिकाले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, सञ्चालन र विकासका प्रतिफल विवरणलाई समावेशी र सन्तुलित विकास नीति अवलम्बन गरिनेछ।

४) वस्तुगत र तथ्यगत सूचकहरुको विकास गरि परियोजनाको गुणस्तर बढाउन अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाईनेछ। साथै गुणस्तर परिक्षणको लागि निर्माण सामग्री परिक्षण प्रयोगशालाका लागि आवश्यक जनशक्ति र उपकरण खरिद गरि व्यवस्थापन गरिनेछ।

५) निर्मित पूर्वाधारहरुको दिगो संरक्षण तथा सञ्चालनका लागि मर्मत सुधार कोषको व्यवस्थापन गरि सोही कोषको परिचालन मार्फत कार्य सञ्चालन गरिनेछ।

६) गाउँपालिका भित्र सडक नाला सरसफाईको निमित्त वर्षायाममा तिन महिनाको लागि आवश्यक जनशक्तिद्वारा सम्पूर्ण वडाहरुको सडक सरसफाई तथा मर्मत संभार कार्य गर्ने नीति लिइनेछ।

७) गाउँपालिका भित्रका मुख्य सडकहरुमा कालोपत्रे तथा स्तरोन्नति गर्ने कार्यलाई तिव्रताका साथ निरन्तरता दिइनेछ।

८) सडकको कारणले हुने भुक्षयलाई कम गर्न वायो इन्जिनियरीङ प्रविधिलाई अनिवार्य गरिनेछ।

९) भवन तथा शहरीकरणलाई व्यवस्थित गर्न भुकम्प प्रतिरोधी संरचना निर्माण गरी जोखिम न्युनीकरण गर्न भवन आचार संहिता निर्माण गरी कार्यान्वयन गरिने छ र नयाँ बन्ने निजी, सामुदायिक र सरकारी भवन निर्माण गर्दा नक्सापास कार्य अगाडी बढाईनेछ। भवन संहिता लागू गरि हालसम्म निर्माण भईसकेका भवनहरुलाई निश्चित समय दिई अभिलेखीकरण गरिनेछ। नयाँ निर्माण हुने घरहरुको अनिवार्य नक्सा पास गर्ने व्यवस्था मिलाईनेछ।

१०) सडक सञ्जाल निर्माण गर्दा यातायातलाई आर्थिक प्रणालीसँग आवद्ध गरी पुर्वाधार र आर्थिक विकासलाई सँगसँगै लैजानका लागि कृषि उत्पादन र बजारीकरणलाई प्रार्थमिकतामा राखी सडकको विकास र विस्तार गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।

११) दीगो विकास लक्ष्य प्राप्तिका लागि जनसहभागितामा आधारित आयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१२) स्थानीय श्रोत साधन, सीपको प्रयोगबाट संचालन हुने आयोजना र स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने आयोजना र उपभोक्ताको लागत साझेदारी हुने योजनालाई विशेष प्राथमिकता दिइनेछ।

१३) विकास निर्माण कार्यलाई दिगो र गुणस्तर योजना तथा कार्यक्रमको नियमित अनुगमन गर्ने, कम्तीमा दुई पटक अनुगमन गरी सो को प्रतिवेदन तयार गर्ने, समुदायबाट नै अनुगमन गर्ने सयन्त्र तयार गरि अनुगमन समितिको कार्यलाई अझ प्रभावकारी बनाइने छ। साथै विकास निर्माणको गुणस्तर मापनका निमित्त सरोकारवालाहरुसँग समन्वय गरिनेछ।

१४) विद्यालय, सामुदायिक भवन र सरकारी भवन निर्माण गर्दा निर्माण हुने संरचनाहरु अपाङ्ग मैत्री, बालमैत्री, लैगिकमैत्री र वातावरणमैत्री बनाउने नीति अवलम्बन गरिनेछ।

१५) उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका आयोजनाहरु नियमानुसार उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने नीति अवलम्बन गरिनेछ। हस्तान्तरित योजनाको सम्पूर्ण मर्मत संम्भारका लागि उपभोक्ता समिति दर्ता गरी समितिलाई नै जिम्मेवार बनाइनेछ।

१६) आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि बोलपत्र (ठेक्का) प्रकृया मार्फत सञ्चालन गरिने आयोजनाहरु सम्बन्धित वडाका वडाध्यक्षको रोहवरमा आयोजना समन्वय समिति निर्माण गरि आयोजना कार्यान्वयनमा ल्याइनेछ।

१७) गाउँपालिकाको सबै वडाहरुमा ठूला आयोजनाहरु सडक, खानेपानी, सिंचाई एवम् अन्य पूर्वाधार निर्माणमा गरि व्यवस्थित रुपमा कार्य संचालन गरिनेछ।

१८) प्रविधिको प्रयोग बढेसँगै यस गाउँपालिकालाई पनि प्रविधिमैत्री बनाउन गाउँपालिकाका मुख्य मुख्य भौतिक संरचनाहरुको डिजिटल नक्शांकनको कार्य प्रारम्भ गरिननेछ। सडक अभिलेखिकरणको कार्यलाई जी.आई.एस. (भौगोलिक सूचना प्रणाली) सँग आवद्ध गरी अगाडी बढाइनेछ।

१९) व्यवस्थित तथा योजनावद्ध शहरी विकासलाई प्रोत्साहित गर्ने नीति लिइनेछ र सार्वजनिक जग्गाको लगत संकलन गरी संरक्षणको नीति अवलम्बन गरिनेछ।

२०)यसै आ. व. बाट आवश्यक मापदण्डहरुको सूचक तयार गरि अनिवार्य घर अभिलेखिकरण र नक्सा पास कार्यलाई प्रारम्भ गर्ने व्यवस्था मिलाईनेछ।

२१) प्रधानमन्त्री रोजगार कार्यक्रमको सफल कार्यान्वयन गर्नका लागि सामाग्री खरीद तथा अन्य प्रयोजनाका लागि समपुरक कोषको व्यवस्था निरन्तरता दिइनेछ।

२२) उपभोक्ता समिति मार्फत संचालन गरिने आयोजना तथा कार्यक्रमलाई प्रभावकारी र गुणस्तरीय बनाई पारदर्शी र जवाफदेही बनाउन उपभोक्ता समितिहरुलाई तालिम प्रदान गरिनेछ। साथै आयोजना तथा कार्यक्रम सम्झौता लगायतका कामहरु अनलाईन योजना सफ्टवेयर प्रणलीबाट गरिने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

२३) पुर्वाधार योजनाको कार्यान्वयन समयमा सम्पन्न गर्न, योजनाको कार्यान्वयन र अनुगमनलाई सहज र सरल बनाउन योजना कार्यान्वयनको कार्यतालिका तयार गरी कार्यान्वयन गरिनेछ।

२४) आगामी आ.व. भित्र वृद्धाआश्रम, हाम्रो मानव सेवा घर, किरिया पुत्री भवन निर्माण कार्य सम्पन्न गरिनेछ।

२५) गाउँपालिका भित्र कार्यान्वयन भईरहेका सिंचाई आयोजनाहरुलाई सम्पन्न गर्नका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

२६)नयाँ सडकको ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरि हाल सञ्चालनमा रहेका सडकहरुको स्तरोन्नती गरिनेछ।

## ४) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता तर्फ

१) थाक्रे गाउँपालिकामा जन्मदर्ता शतप्रतिशत गर्नका लागी विद्यालयहरु र स्वास्थ्य चौकीहरुलाई अभिमुखिकरण कार्यक्रम (व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी) सञ्चालन गरिनेछ।

२) व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSP-MIS) र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NID-MIS) बीच आवद्वता गरिनेछ।

३) घटना दर्ता र सामाजिक सुरक्षालाई समय अनुसार परिमार्जित र पारदर्शी तरिकाले संचालन गर्नका लागी Biometric Verification का माध्यमवाट राष्ट्रिय परिचय पत्र, घटना दर्ता र सामाजिक सुरक्षालाई आवद्वता गरि कामलाई छिटो र भरपर्दो बनाउनका लागि Biometric Device बाट सेवा प्रदान गरिनेछ।

४) टोल बस्तिमा सामाजिक सुरक्षा भत्ता नविकरण शिविरका लागी Biometric Verification का माध्यमवाट नविकरण शिविर कार्यक्रम सञ्चालन गरिनेछ।

५) सामाजिक सुरक्षा भत्ता नलिने घोषणा गर्ने नागरिकलाई राज्यलाई आर्थिक भार कम गर्नमा सहयोग गर्नुहुने नागरिकलाई सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

६) सामाजिक सुरक्षा तथा घटना दर्ता सम्वन्धी सामाग्रीहरु रेडियो तथा सञ्चार माध्यमद्धारा सञ्चार साम्रागी प्रसारण तथा छपाई कार्यक्रम सञ्चालन गरिनेछ।

७) बैशाख १ देखी ७ सम्म घटना दर्ता सप्ताह सञ्चालन निरन्तरता अभियान दिइनेछ।

८) स्थानिय पञ्जीकाधिकारीहरुलाई ऐन, नियम तथा कानुन सम्वन्धी ज्ञानका लागी तालिम र गोष्ठीको आयोजना गरिनेछ।

९) सबै प्रकृतिका, जुनसुकै सेवा सर्तमा रोजगारीमा संलग्नहरुलाई अनिवार्य रुपमा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने गरि कोषको भुमिका र दायरालाई विस्तार गरिनेछ। कम्पनि, संस्था, सहकारी, फर्म वा अन्य सङ्गठित संस्थाको नविकरण गर्दा श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराइ नियमित योगदान गरेको प्रमाण संलग्न गरेको प्रमाण संलग्न गर्नुपर्ने कानुनी व्यवस्था मिलाईनेछ।

## ५) श्रम तथा रोजगार तर्फ

१) आ.ब. २०८२/०८३ देखी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई संघीय सरकारले **राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको** रुपमा विस्तार गरेसँगै गाउँपालिका र वडाहरुमा पनि समझेदारीमा आधारित सामुदायिक आयोजना अगाडी बढाइ थप प्रभावकारी ढङ्गबाट कार्यान्वयन गरिनेछ।

२) आन्तरिक रोजगार प्रबर्द्धन र श्रम तथा श्रमिकको मर्यादा अभिबृद्धी गर्न **श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम** सञ्चालन गरिने र कार्यक्रम थप प्रभावकारी बनाउन अवश्यक विभिन्न शिविर सञ्चालन गरिने नीतिलाई निरन्तरता दिइनेछ।

३) रोजगार संवाद मञ्च सञ्चालन साथै स्थानीय रोजगार रणनीति तर्जुमा/अध्यावधिक/कार्यान्वयन गर्दै लगिनेछ।

४) गाउँपालिकालाई एक दिन श्रम, यस गाउँपालिकामा रहेका जनप्रतिनिधि, कर्मचारीलाई वर्षमा १ दिन अनिवार्य विकास निर्माण कार्यमा श्रम गराउने र स्वइच्छाले म गर्ने नीतिलाई अगाडि बढाइनेछ।

५) वैदेशिक रोजगारीबाट फर्किएकालाई उनीहरुको सिप र क्षमताको स्थानीय स्तरमै प्रयोग गर्न आवश्यक निति बनाएर समन्वय गरिनेछ।

६) स्थानिय स्तरमा रोजगारिको प्रवर्द्धनका लागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममूलक सिर्जनामा जोड दिइनेछ। बेरोजगार व्यक्तिहरुको तथ्याक संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ। पालिका भित्र उपलब्ध रोजगारका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ।

७) वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुन श्रम स्विकृतिको समन्वय गर्ने कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ।

८) स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि काममा लागि प्रारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरि श्रममूलक योजना मार्फत समुदायको विकास सँगै सामाजिक संरक्षणको प्रत्याभुति गराइनेछ।

९) स्थानीय स्तरमा रहेको विभिन्न संघसंस्था, निजी क्षेत्र तथा अन्य निकाय मध्येबाट सबै भन्दा बढी रोजगार दिनेलाई पुरस्कृत गरि सम्मान गरिने निति लिइनेछ।

१०) वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरु कामदारको घरपरिवाका सदस्यलाई प्रदान गरिने ओषधी उपचार सहयोग, छात्रवृत्ति सहायता, उद्धार तथा खोजतलास सेवा, प्रतिरक्षा सहायता, हकवालालाई आर्थिक सहायता प्रदान गर्ने, बिरामी वा अंगभंग भएमा प्रदान गरिने उपचारका लागि आर्थिक सहायता अदि सेवाहरु बोर्ड सँगको समन्वयमा संचालन भई रहेको कार्यलाई थप प्रभावकारी बनाइनेछ।

११) आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसँग सहकारी र समन्वयमा जोड दिईनेछ। युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्धमीहरुलाई प्रोत्साहित गरिनेछ।

१२) गरिबी निवारणको लागि लघु उद्धम कार्यक्रम मार्फत सूचिकृत बेरोजगार व्यक्ति तथा लघु उद्धमीहरुलाई विभिन्न सीप विकास तालिम प्रदान गरी उद्धमी बन्न प्रेरित गरिनेछ।

१३) संघीय सरकारबाट प्राप्त प्रणाली प्रयोग गरी रोजगार सेवा केन्द्र मार्फत कन्सुलर सेवा सञ्चालन गरिनेछ।

१४) श्रम र पुँजी तथा श्रमिक र रोजगारदाता बिच असल श्रम सम्बन्ध कायम गरी सामाजिक सद्भाव सुनिश्चित गर्न श्रम कक्ष (डेस्क) सञ्चालन गर्ने नीति लिइनेछ।

१५) थाक्रे गाउँपालिका भित्र आन्तरिक रोजगारी प्रवर्द्धन तथा रोजगारी सिर्जना सम्बन्धी बहस गरिनेछ।

१६) स्वरोजगार, आन्तरिक रोजगार साथै वैदेशिक रोजगारसँग सम्बन्धित विषयलाइ व्यवस्थित गर्न यस स्थानीय तहको संगठन संरचनामा श्रम तथा रोजगार शाखा विस्तार गरी आवश्यक सेवाहरुलाइ एकिकृत रुपमा प्रवाह गरिनेछ।

१७) रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाइनेछ। पालिका स्तरीय योजनाहरमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारलाई प्राथमिकतामा राखिनेछ।

१८) सेवामा पारदर्शिता, संवेदनशिलता र नागरिक मैत्री प्रवृत्ति कायम गरिनेछ।

## ६) वन, वातावरण तथा विपद व्यवस्थापन तर्फः

१) फोहरमैला संकलन, पुनः उपयोग, प्रशोधन र विसर्जन गरी सफा गाउँ शहर निर्माण नीति अबलम्बन गरिनेछ।

२) वनजंगल, वन्यजन्तु, ढुंगा, बालुवा, गिट्टी, नदी, खोला, खानी आदी प्राकृतिक श्रोतहरुको उचित व्यवस्थापन गर्दे प्रकृतिजन्य सम्पदाहरुलाई दीगो विकासको सिद्धान्त अनुकुल बनाईने नीति अवलम्बन गरिनेछ।

३) वातावरण स्वच्छता कायमा गर्न सडक किनार, विद्यालय, औद्योगिक करिडोर र नदी तटीय क्षेत्रमा हरियाली कार्यक्रम संचालन गरिनेछ। भु—संरक्षण एवम् पहिरो निन्त्रणको लागि वृक्षारोपण कार्यक्रम एवम् रोकथामका विधि अवलम्बन गर्ने नीति लिइनेछ।

४) वन संरक्षण, व्यवस्थापन, दिगो उपभोग र स्वच्छ वातावरणका लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणालीलाई अझ सुदृढीकरण गरिनेछ। जैविक विविधताको संरक्षण, वातावरणीय सेवा र जीविकोपार्जनका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

५) विपदबाट हुन सक्ने क्षतिको तत्काल उद्धार, राहत र पूर्नस्थापनाका लागि आवश्यक जनशक्ति सामग्री र श्रोतको व्यवस्थापन गरिनेछ।

६) उच्च जोखिममा रहेका क्षेत्र लक्षित समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यक्रम संचालन गरी समुदायको विपद् उत्थानशीलता अभिवृद्धि गरिनेछ।

७) विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा निजी क्षेत्रको संलग्नता तथा संघ, प्रदेश र गैरसरकारी संघसंस्थासँग सहयोग, सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ।

८) बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपबाट जोखिममा रहेका वस्ती, घर वा संरचनाको पहिचान गरी त्यस्ता वस्ती, घर वा संरचनालाई सुरक्षित ठाँउमा स्थान्तरण गरिनेछ।

९) प्रकोपबाट प्रभावित भएका परिवार वा व्यक्तिलाई राहत, उद्दार र पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रमहरु सञ्चालन निरन्तरता दिइनेछ।

१०) विपद पुर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी लागु गरिनेछ। साथै विपद् उद्दारकर्ताको लगत संकलन र तालिमको व्यवस्थापन गरिनेछ।

११) विपदलाई व्यवस्थापन गर्नका लागि विपद व्यवस्थापन कोष संचालन गरी उक्त कोषमा प्रयाप्त बजेट विनियोजन गरिनेछ।

१२) विपद तथा महामारीलाई सबैको सहभागिता र सक्रियतामा व्यवस्थापन गर्न गाउँपालिका स्तरीय स्वयंसेवक बैंक स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

१३) भुक्षय रोक्न र वातावरण संरक्षण गर्न गा.पा. स्तरीय नर्सरी निर्माण गरि भुगोल अनुसारको विरुवा उत्पादन गरी वृक्षारोपण कार्यक्रम निरन्तरता दिइनेछ।

१४) प्राकृतिक सौन्दर्यतालाई कायम राख्दै वन तथा वातावरण संरक्षणको विकासमा टेवा पुर्याउन प्रत्येक वडाहरुमा पर्यटकहरुलाई समेत आकर्षक गर्न **एक वडा एक उद्यान** कार्यक्रम सञ्चालन गरिनेछ।

१५) धार्मिक तथा व्यवसायिक महत्व बोकेको तथा किसानको आम्दानीको प्रमुख श्रोतको रुपमा पहिचान गरिएको बोधिचित्तको खेतिलाई प्रोत्साहित गर्न ५० प्रतिशत अनुदानमा विरुवा वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

१६) बनको संरक्षण र विकास मार्फत स्वच्छ वातावरण र उपभोक्ताहरुको हितका लागि स्थापित सामुदायिक वनहरुको नविकरण कार्य चालु आवमा सम्पन्न गर्ने लक्ष्य लिई कार्य संचालन भईरहेको अवगत गराउदै यसै आ.व.बाट सामुदायिक बनको बैज्ञानिक व्यवस्थापन, गैरकाष्ठ वनपैदावरको संरक्षीत क्षेत्र घोषणा र विस्तार गरीनेछ।

१७) खाली रहेका पाखा पखेरा एवं अनुत्पादक झाडीदार वन क्षेत्रमा वहुमुल्य काष्ठ, गैहृकाष्ठ एवं वहुवर्षिय फलफुल खेती विस्तार गर्न प्रोत्साहन गर्दै सामुदायिक बन उपभोक्ता समुह भित्रका विपन्न परिवारहरुको आयआर्जन र विकासका लागि सरोकारवालहरुसंग समन्वय र सहकार्य गरीनेछ।

१८) बढ्दो तापक्रम र जलवायु परिवर्तनका कारण प्रकृति र मानव समुदायमा परेको असरहरुबाट बच्न र बचाउन आगलागी नियन्त्रण, मिचाहा प्रकृतिका झारहरुको विस्थापन गर्न सामुदायिक वनमा रहेको पत्कर तथा झाडीबाट प्राङ्गारिक मलको उत्पादन गर्न सामुदायिक बन उपभोक्ता समुहलाई प्रोत्साहन गर्न र डिभिजन बन लगायतका सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ।

१९) अनुत्पादक रुख र झाडी फडानी गरि उत्पादनमुलक फलफुल जडिबुटी खेती गर्न बाझो सरकारी जमिन भाडामा दिन पाउने व्यवस्था गरि केन्द्रिय सरकारसँग नीति निर्माणका लागि अनुरोध गरिनेछ।

२०) नीजि जग्गा घडेरी खार्ने, सम्याउने कार्यमा वातावरण तथा पर्यावरणमा असर नपर्ने गरि पालिका भरि यसको प्रकृया र व्यवस्थापनमा एकरुपता ल्याइनेछ।

**७) संस्थागत विकास, सेवा प्रवाह, सूचना प्रविधि र सुशासन तर्फ**

१) गाउँपालिकाको कार्यालय भित्र रहेको सुचना केन्द्रको सुदृढीकरण गरी गाउँपालिकावासीलाई सूचनाको पहुँचमा अभिवृद्धि गरिएको छ। साथै गाउँपालिकावासी र वडा कार्यालहरुमा यसको पहुँचलाई बढुवा दिइनेछ ।

२) सबै वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई थप सूचना प्रविधिमैत्री बनाइनेछ। गाउँपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवाहरुलाई थप प्रभावकारी, चुस्त र पारदर्शी बनाइनेछ।

३) गाउँपालिकाबाट भएका विकास गतिविधिहरुलाई स्थानीय एफ.एम., पत्रपत्रिका तथा सामाजिक संजाल मार्फत प्रचारप्रसार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४) नागरिक बडापत्र प्रति सम्पूर्ण सेवाग्राही र कर्मचारीको ज्ञान अभिवृद्धि गरी सोको व्यवहारिक कार्यान्वयन गर्ने नीति लिइनेछ।

५) गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत शाखा प्रमुख, वडा कार्यालय, स्वास्थ्य संस्था प्रमुखसँग कार्य सम्पादन सम्झौता गरी आर्थिक वर्षको अन्त्यमा उत्कृष्ट कार्य सम्पादन गर्ने ३ जना कर्मचारीलाई सम्मान गरिनेछ।

६) गाउँपालिकाको सेवा प्रवाहको सम्बन्धमा प्राप्त भएको उजुरी र गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाइनेछ साथै छुट्टै डेस्कको व्यवस्थापन गरिनेछ।

७) गाउँपालिकाले सम्पन्न गरी सकेका संस्थागत स्वमूल्याकंन तथा लैगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात् तयार गरिएको कार्य योजनाहरुलाई प्रभावकारी कार्यान्वयन गर्दे लैजाने नीति लिइनेछ।

८) गाउँपालिकाको सेवा प्रवाहको गुणस्तरलाई थप प्रभावकारी बनाउन सो बारेमा समिक्षा गर्न कार्यपालिका, शाखा प्रमुख तथा वडा सचिवहरुको चौमासिक प्रगति समिक्षा बैठक संचालन गरिदै आएकोमा सो कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९) गाउँपालिका तथा वडाको काम कारवाहीलाई अझ बढि प्रभावकारी र व्यवस्थित बनाउन अनुगमन तथा मूल्याकंन प्रणालीलाई सूचकमा आधारित बनाई संस्थागत गर्ने प्रभावकारी रुपमा लागु गरिनेछ।

१०) गाउँपालिकाको पारदर्शिता एवम् सुशासनका लागि गाउँपालिकाको आम्दानी तथा खर्चलाई मासिक रुपमा सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै गाउँपालिका विकास निर्माण कार्यमा पारदर्शिता कायम गर्न योजना स्थलमा नै सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

११) गाउँपालिकाले सम्पादन गरेको कार्यको चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्ने, सेवा प्रवाहलाई सहज बनाउन प्रत्येक वडामा एकिकृत घुम्ती सेवा संचालन गर्ने निति लिइनेछ।

१२) आम नागरिकलाई सूचनामा सहज पहुँच सृजना गर्न गाउँपालिकाको संपूर्ण विषयगत सूचनाहरु गाउँपालिकाको वेभसाइटमा अद्यावधिक गर्ने निति लिइनेछ।

१३) गाउँपालिकाको विकास निर्मणका कार्यलाई समावेशी, पारदर्शी, उत्तरदायी तथा जनसहभागितामुलक बनाइनेछ।

१४) First In First Out को सिद्धान्त अनुसार सेवा प्रवाहमा हुने असन्तुष्टीलाई हटाउन टोकन प्रणाली लागु गरिनेछ।

१५) गाउँपालिकामा कार्यरत करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ।

१६) कार्यालयलाई प्रविधिमैत्री बनाइनेछ साथै गाउँपालिकाको निश्चित क्षेत्रलाई फ्रि वाईफाई जोन बनाउन आवश्यक कार्य थालनी गरीनेछ। गाउँपालिका र वरपरका क्षेत्र, सबै माध्यमिक विद्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थामा CCTV जडानको कार्य गरिनेछ।

१७) कार्यालयलाई सेवाग्राहीमैत्री बनाउन सेवाग्राही प्रतिक्षालय, सहायता कक्ष, र सोधपुछ कक्षको व्यवस्था मिलाइनेछ।

१८) कर्मचारी एवम् पदाधिकारीहरुको क्षमता विकासका लागि तालिम, अध्ययन, अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ साथै कर्मचारीको मनेवल उच्च बनाई कार्य सम्पादनमा प्रभावकारीता अभिवृद्धि गर्न विगतदेखि दिँदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ र उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गरिनेछ।

१९) विकास साझेदार संस्थाहरुबाट पूर्वाधारमा कम्तिमा २० प्रतिशत साझेदारीमा सञ्चालन गरिने गाउँपालिका स्तरीय योजनालाई प्रभावकारी तथा नतिजामुखी बनाई कार्यान्वयन गर्न प्रोत्साहित गरिनेछ।

२०) सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालन गरिने योजना तथा आयोजनाहरुको अनुगमन, मूल्यांकन पद्धतीलाई व्यवस्थित र वस्तुपरक बनाउने नीति लिइनेछ।

२१) गैरसरकारी संघ संस्थाहरुबाट संचालन गरिने सबै प्रकारका सहयोग तथा सेवाहरुलाई गाउँपालिकाको एकद्धार प्रणाली मार्फत संचालन गरि व्यवस्थित बनाइनेछ । उक्त संस्थाहरुको बजेट गाउँपालिकाको रातो किताबमा समावेश गरी सञ्चालन गर्ने नीति लिइनेछ। गैर सरकारी संस्थालाई नियमन गरी कार्यक्षेत्रको दोहोरोपना अन्त्य गर्ने निति लिइनेछ।

२२) उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको वर्गीकरण गरी प्रत्येक निर्वाचित वडा प्रतिनिधिहरुलाई जिम्मेवारी बाँडफाँड गरी योजना संचालन र सम्पन्नताको समय सिमा निर्धारण गरी जिम्मेवारी प्रदान गरिएका कार्यलाई निरन्तरता दिइनेछ।

२३) पत्रकारिता क्षेत्रको प्रवर्द्धन एवम् विकासका लागि पत्रकार महासंघ लगायत संचारसँग सम्बद्ध निकायहरुसँग समन्वय गरी सञ्चारमैत्री कार्यक्रम गर्ने नीति लिइनेछ।

२४) सुशासन एवम् पारदर्शितालाई मुल मन्त्र मानी सञ्चार माध्यमलाई मर्यादित एवम् सम्मानित र जिम्मेवार बनाउन प्रत्येक बर्ष उत्कृष्ट पत्रकार सम्मान कार्यक्रम संचालन गर्ने नीति लिइनेछ।

२५) यस गाउँपालिकाको सुशासन र सेवा प्रवाहका सम्बन्धमा जिज्ञासा गुनासो सुनुवाइ गर्नको लागि सञ्चार माध्यम मार्फत समृद्धिका लागि सहयात्रा, जनतासँग अध्यक्ष र न्यायिक आवाज कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२६) थाक्रे गाउँपालिकाबाट भए गरेका उत्कृष्ट कार्यक्रमहरुलाई राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न राष्ट्रिय स्तर तथा स्थानीय स्तरका सञ्चार माध्यमबाट प्रसारण गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

२७) संघ, प्रदेश सरकारसँग आवश्यक समन्वय गरि संघ र प्रदेशबाट यस पालिकामा प्राप्त भएका सबै योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ।

**८) आन्तरिक राजश्व तर्फः**

१) थाक्रेको आवश्यकता र विकासका लागि आवश्यक पर्ने राजश्व संकलन गरी थाक्रे गाउँपालिकालाई आत्मनिर्भर बनाउन आन्तरिक राजश्वको दायरालाई वृद्धि गरिनेछ। साथै राजस्वका खानीजन्य पदार्थ, स्थानीय कच्चा पदार्थ, जडिबुटी, बोधिचित्त, अखेटोपहरो, एकिकृत सम्पत्ति कर, घर जग्गा अभिलेखिकरण, नक्सापास, विज्ञापन कर, कवाडी कर, खरिदुङ्गा, सेतो माटो, जस्ता थप क्षेत्रहरु पहिचान गरी राजस्व बृद्धि गर्ने नीति लिइनेछ।

२) जनतालाई करको भार महसुस नगराई, निजी क्षेत्रको विकासमा बाधा नपुग्ने गरी प्रगतिशील कर प्रणालीको माध्यमद्धारा करका दरहरु निर्धारण गरिनेछन्। स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सृजनामा टेवा पुग्ने गरी कर नीति अवलम्बन गरिनेछ।

३) **"राजश्व संकलन भार होइन संमृद्धिको आधार हो"** भन्ने चेतना जागरण गराउन कर सम्बन्धि जनचेतना कार्यक्रम मार्फत सचेतना अभियान निरन्तर संचालन गरिनेछ।

४) गाउँपालिका भित्र उच्चतम तथा समयमा कर तिर्ने करदातालाई सम्मान गरिनेछ। साथै गाउँपालिका क्षेत्रका उत्कृष्ट उद्यमीलाई पुरस्कृत गरिनेछ।

५) स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा टेवा पुर्याउने कर नीति अवलम्बन गरिनेछ।

६) उद्योग वाणिज्य संघ लगायत सरोकारवाला संस्थाको सहकार्यमा व्यापार प्रवर्द्धन गर्ने नीति लिइनेछ।

७) राजमार्ग केन्द्रित होटल, रेष्टुरेन्ट, भोजनालयको खाद्य स्वच्छता कायम गरी व्यवसायलाई मर्यादित एवं यात्रुमैत्री बनाइने नीति अवलम्बन गरिने छ।

८) गाउँपालिका क्षेत्र भित्र रहेका क्रसर उद्योग, ढुङ्गागिटी वालुवा, इट्टाभट्टा, ग्यास उद्योग लगायत ठुला उद्योगलाई दिगो, वातावरण मैत्री, वैज्ञानिक र व्यवस्थित गर्दै करको दायरामा ल्याइनेछ।

९) स्वास्थ्य, शिक्षा, कृषि विकासको क्षेत्र, विपद् र विपन्न नागरिकहरुलाई गाउँपालिकाबाट गरिने सिफारिसमा शुल्क नलाग्ने व्यवस्था मिलाइनेछ।

१०) राजस्व प्रशासनलाई अझ चुस्त र पारदर्शी बनाउन गाउँपालिका र सबै वडा कार्यालयहरुमा सुत्र प्रणाली मार्फत कर सङ्कलन गरिनेछ। राजस्व प्रशासनमा काम गर्ने कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ।

११) व्यवसायको पहिचान, दर्ता, अभिलेखीकरण र वर्गीकरण गरी व्यवसायलाई व्यवस्थित गर्न सफ्टवेयर प्रणलीमा आवद्ध गर्ने साथै वर्गीकरण र कारोवारको आधारमा व्यवसाय करको दर निर्धारण गरी राजश्व संकलन गरिनेछ।

१२) गाउँपालिकाको राजस्व प्रशासनलाई थप प्रभावकारी बनाउन, राजस्व परामर्श समितिको सक्रियतामा समितिले नियमित राजस्व असुलीको अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

१३) एकीकृत सम्पत्ती कर लागू गर्न आवश्यक प्रबन्ध मिलाइनेछ साथै कर प्रशासनको समयानुकुल सुधार गरिनेछ।

१४) बजार क्षेत्रमा राखिएका विभिन्न विज्ञापनहरुको होडिङ बोर्डहरुसँग सम्बन्धित विज्ञापनदाताहरुसँगलाई करको दायरामा ल्याईनेछ।

१५) आन्तरिक राजश्व वृद्धीका लागि व्यवसाय दर्ता नविकरण तथा अभिलेखिकरण, बहाल कर लिनका लागि बृहत सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१६) गाउँपालिका भित्र विगत वर्षहरु देखि नै सञ्चालन भई रहेका उद्योग, व्यवसायलाई दर्ता नविकरणका लागि निश्चित समय दिई दर्ता/नविकरणका लागि निश्चित प्रतिशत जरिवानामा छुट दिने व्यवस्था गरिनेछ।

**९) न्यायिक सम्पादन तर्फः**

१) न्यायिक समितिको कार्य सम्पादन प्रकृयालाई छिटो छरितो र सरल बनाइदै लगिनेछ। समुदायस्तरमा नै विवाद समाधानमा जोड दिदै समावेशी न्याय सुनिश्चीत गर्ने नीति अवलम्बन गरिनेछ।

२) न्यायिक समितिमा दर्ता हुन आएका विवादहरुलाई मेलमिलाप केन्द्र मार्फत विवाद समाधान गर्न प्राथमिकता दिदै पक्षहरुको सम्बन्धगत सुधारका लागि प्रेरित गरिनेछ।

३) थाक्रे गाउँपालिकाको न्यायिक अभिलेख व्यवस्थापन प्रणाली चुस्तदुरुस्त राख्दै स्थानीय तहमा निरुपण भएका विवादहरु लिपिबद्ध गरि न्यायिक अभ्यास पुस्तक मार्फत प्रकाशन गरिनेछ।

४) न्यायिक समितिका सदस्यहरु र मेलमिलापकर्ताहरुको लागि न्याय सम्पादन प्रकृया, वस्तुस्थिति र सिकाइ आदानप्रदान गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५) मेलमिलापबाट विवाद समाधानमा प्रेरित गर्न समुदाय स्तरमा मेलमिलापसम्बन्धी कानुनी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ साथै विशेष वर्गका लागि निःशुल्क कानुनी सहायता उपलब्ध गराइनेछ।

**१०) सुरक्षित आप्रवासन (सामी) कार्यक्रम तर्फः**

१) आप्रवासन कामदार तथा तिनीहरुको परिवारको अधिकारको सुनिश्चित गर्ने नीति लिइनेछ। जसका लागि प्रदेश तथा स्थानीय सरकार, वैदेशिक रोजगार विभाग, बोर्ड संघीय सरकारसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरुको परिवारलाई लक्षित गरि सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सुचना प्रवाह,

रेमिटयान्सको सदुपयोगिताकोताको लागि वित्तीय साक्षरता कक्षा, मानसिक स्वास्थ्य, मनोपरामर्श सेवा तथा सिप अभिवृद्धीमा सहयोग गर्ने नीतिलाई यो आर्थिक बर्षमा पनि निरन्तरता दिइनेछ।

२) वैदेशिक रोजगारमा जान तयारी गरेकाहरुका लागि सिपमुलक तालिमका लागि सिफारिस, सूचना प्रवाहमा पहुँच तथा सुरक्षित तरिकाले जान सक्ने लागि उपायका समुदायस्तरमा गरिने गहन अभिमुखीकरण कार्यक्रमलमलाई निरन्तरता दिईनेछ।

३) आजभोलि हैसियत नहेरी कर्जा(ऋण) लिने, आफ्नो आवश्यकता विचार नगरी धेरै संघसंस्थाहरूसँग कर्जा लिने, कर्जाको सही सदुपयोग नगर्ने, गैर–कानूनी वित्तीय कारोबारमा संलग्न हुने जस्ता समस्याहरू धेरै देखिएका छन्। यसले वित्तीय कारोबारका क्षेत्रमा ठूलो समस्या सिर्जना गरिदिएको छ। त्यसैले मानिसहरूमा वित्तीय चेतनाको विस्तार गर्नु जरुरी छ। सबै मानिसहरूले सकेसम्म धेरै बचत गर्ने, कर्जा लिने, कर्जाको सही प्रयोग गरी कुनै व्यवसाय सञ्चालन गर्ने, आम्दानी बढाउने, बिमाका सुविधाहरू लिने, औपचारिक माध्यमबाट विप्रेषण प्राप्त गर्ने, विप्रेषणको सही प्रयोग गर्ने, विद्युतीय माध्यमबाट वित्तीय कारोबार गर्ने, गैर–कानुनी वित्तीय कारोबारमा संलग्न हुन नहुने जस्ता अति आवश्यकीय ज्ञान, सीपहरू हासिल गर्नु जरुरी भएको छ। अतः वित्तीय सचेतनाबाट वित्तीय क्षेत्रमा देखिएका समस्याहरूको न्युनीकरण गर्न, वित्तीय सेवाहरूमा सबै मानिसहरूको पहुँच बढाउन, वित्तीय सेवाहरूको सही प्रयोग गरी मानिसहरूको आर्थिक उन्नतिमा टेवा पुर्‍याउन मद्दत गरी कार्यान्वयन गर्न गराउन ३ दिवसीय वित्तीय साक्षरता कक्षालाई निरन्तरता दिईनेछ।

४) अघिल्लो आ.वमा कलेक्सन गरिएका वैदेशिक रोजागरसँग सम्बन्धित तथ्याङ्क थाक्रे गाउँपालिकाका पार्श्वचित्रको प्रोफाइललाई आ. व ०८२/०८३मा पुस्तिकाको रुपमा छपाईनेछ।

५) विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा पदाधिकारी र विद्यालयका प्रधानध्यापक तथा शिक्षक शिक्षिकाहरु समाजका ऐना हुन, अगुवा हुन। जसले प्रदान गरेको शिक्षाले देशको भविष्य देखेको हुन्छ। त्यसैगरि उनीहरुले पढाएका विद्यार्थीहरुले पनि सोहि अनुसारको शिक्षा लिने भएकाले वैदेशिक रोजगारीका विषयमा विद्यालयका प्रधानध्यापक तथा शिक्षक शिक्षिकाहरुलाई सुरक्षित वैदेशिक रोजगार कार्यक्रममा समावेश गराई विद्यार्थीहरुलाई स्वेदेशमै भएका अवसर र संभावानाहरुलाई कसरी प्रयोग र पहिचान गर्ने र स्वदेशप्रतिको भावनालाई उजागर गर्दै जनचेतना फैलाई केहि हदसम्म वैदेशिक रोजगारमा जानेको संख्या कम गर्न तथा सुरक्षित रुपमा जानको लागि सुचना प्रवाहको माध्यम बन्न सक्ने भएकाले सुरक्षित वैदेशिक रोजगारसम्बन्धी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा पदाधिकारी तथा विद्यालयका प्रधानध्यापक वा शिक्षक शिक्षिकाहरुसँगको अन्तर्क्रिया तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

६) थाक्रे गाउँपालिकाबाट पुरुष मात्रै होइन महिलाहरु पनि विदेशिने गरेका छन्। विशेष गरि खाँडी तथा मलेसियमा गएका र त्यहाँ हुदाँ भएको राम्रा नराम्रा घटेका घटनाको कारणले घर फिर्तीमा हुने मानिसक स्वास्थ्य समस्या, घर परिवार र समाजले हेर्ने दृष्ट्रीकोण र पुनस्थापनाको लागि सहज वातावरण बनाउन वडा तथा समुदायमा भएका स्वास्थ्य स्वयंसेविकाहरुले पनि महत्वपुर्ण भुमिका खेल्न सक्छन। उनीहरुमा भएका मनका कुरा बुझ्न सक्छन। यद्यपी सुरक्षित वैदेशिक रोजगारसम्बन्धी कार्यक्रममा स्वास्थ्य स्वयं सेविकाहरुलाई समावेश गर्न जरुरी देखिएकाले महिलाहरुको विषयमा वैदेशिक रोजगारसम्बन्धी स्वास्थ्य स्वयं सेविकाहरुसँग अभिमुखीकरण तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

७) थाक्रे गाउँपालिकामा बालबालिका युवा किशोर किशोरीहरु, विद्यार्थी तथा महिला पुरुष र जेष्ठ नागरिकहरुमा देखिएको मानसिक स्वास्थ्य समस्याको निराकरणको लागि समुदायमा गएर उनीहरुको मानसिक समस्यको पहिचान गरि सामुदायिक मनोपरामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

८) वैदेशिक रोजगारमा गएका अलपत्र परेका, अंगभंग भएका, मृत्यु भएकाहरुको बैदेशिक रोजगार बोर्ड तथा विभागसँग सहकार्य र समन्वय गरि पिडितलाई न्याय तथा क्षेतिपुर्ती दिलाउन सहयोग गरिनेछ।

९) औपचारिक शिक्षाको माध्यमबाट नै यस्तो विषयवस्तुहरूको बारेमा पर्याप्त जानकारी पाउने अवसर युवाहरूले पाउन सकेका छैनन्। त्यसैले युवाहरू यस्तो ज्ञान, सीपबाट पछाडि परेका छन्। उनीहरू आवश्यकता तथा चाहनाहरूको बारेमा आवश्यक जानकारी राख्ने, तिनीहरूको प्राथमिकता निर्धारण गर्ने, भविष्यका आवश्यकताहरूको बारेमा सोच्ने, योजना गर्ने कुरामा पछाडि परेका छन्। उनीहरूमा खर्च गर्दा सोच विचार गरेर मात्र खर्च गर्ने, बचत गर्ने, पारिवारिक आम्दानी–खर्चका विषयहरूमा सहभागी हुने जस्ता बानीको विकास गर्नु जरुरी देखिएकाले माध्यामिक तहका विद्यार्थीह्यरुको ९० मिनेटको वित्तीय साक्षरता कक्षालाई निरन्तरता दिइनेछ।

**११) गरिबी निवारणको लागी लघु उद्यम विकास कार्यक्रम तर्फः**

१) स्थानिय स्तरमा नै रोजगारीका अवसरहरु श्रृजना गरी गाउँपालिकालाई संम्वृद्ध बनाउने नितिलाई निरन्तरता दिईनेछ।

२) गरिबिको रेखामुनी रहेका विपन्न परिवारलाई उद्यम सँग जोडी उनिहरुको जिवनस्तर उकास्न र जिविकोपार्जनमा सुधार ल्याउनको लागि विषेश व्यबस्था गर्ने निति लिईनेछ ।

३) उद्योग विकास शाखा स्थापना गरी कृषि शाखा पशु शाखा र अन्य शाखाबाट सञ्चालन हुने व्यबसाय सम्बन्धि सिप विकास तालिम दिनुभन्दा पहिला ८ दिने व्यबसाय सम्बन्धि उद्यमशिलता विकास तालिम दिने निति लिईनेछ।

४) गाउँपालिकाबाट सञ्चालन हुने कार्यक्रमहरु लघु उद्यम र उद्यम व्यबसायसँग मेल खाने कार्यक्रमहरुलाई संयुक्त रुपमा संञ्चालन गर्ने निति लिईनेछ।

५) बजारको माग स्रोत तथा साधनको उपलब्धता र जन चाहानामा आधारित उद्यमहरुको स्थापना गरि पुराना उद्यमहरुको स्तर उन्नती गर्ने निति लिईनेछ।

६) एक घर एक उद्यमी एक वडा एक उत्पादन  एक वडा एक उद्योग स्थापना गरि उद्योग क्षेत्रमा आवश्यक जनशक्तिको विकास र क्षमता अभिबृद्धि निति लिईनेछ।

७) उत्कृष्ट युवा उद्यमीलाई प्रोत्साहनको लागी गाउँपालिकाको उद्योग विकास शाखाबाट आवश्यक सहयोग तथा सम्मान गर्ने व्यबस्था मिलाउने निति लिईनेछ।

८) स्थानिय उत्पादनलाई प्राथमिकतामा राखी सो को बजारीकरणमा सहयोग गरि उद्यमीलाई अवलोकन भ्रमणको व्यबस्था गर्ने निति लिईनेछ।

९) गरिबिनिवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनको क्रममा विभिन्न सहकारी संस्था साना किसान संघ संस्था हरु सँग पनि सहकार्य गर्दै अगाडी बढाउने निति लिईनेछ।

**आदरणीय सभाअध्यक्ष महोदय,**
**गाउँ सभाका सदस्य ज्यूहरु,**

थाक्रे गाउँपालिकाको प्रस्तुत नीति तथा कार्यक्रमले दिगो विकासका लक्ष्य, सोह्रौ योजना, थाक्रे गाउँपालिकाको २५ वर्षे गुरुयोजना एवं आवधिक योजनाको लक्ष्य हासिल गर्न योगदान गर्ने विश्वास लिएको छु। यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट यस पालिकाको विकास, समृद्धि र सुशासनमा टेवा पुग्नुका साथै समुदायमा पछाडी परेका, पारिएका वर्ग समुदायको सशक्तिकरण र विकासमा समेत सहयोग पुग्ने अपेक्षा गरेको छु। यसले विकासको आधारशिला, आर्थिक पारदर्शिता र सुशासन कायम हुनेमा आशावादी छु। गाउँपालिकाको सेवाको गुणस्तर वृद्धि भई सवल र सक्षम स्थानीय सरकारको रुपमा थाक्रे गाउँपालिका परिचित हुने कुरामा म विश्वस्त छु।

यो नीति तथा कार्यक्रम निर्माणमा सहयोग गर्नु हुने जनप्रतिनिधिहरु, पुर्व जनप्रतिनिधिहरु, राजनितिक दल, नागरीक समाज, संघसंस्था, विकास साझेदार संस्था बुद्धिजिविहरु, सहकारीकर्मी तथा राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद प्रदान गर्दछु।

**अन्त्यमा** यो नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्पूर्ण राजनीतिक दल नागरिक समाज, बुद्धिजीवि संघ संस्था र सहकारी कर्मी विकास साझेदार संस्थाहरु, राष्ट्र सेवक कर्मचारी तथा जनप्रतिनिधिज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु र सम्पूर्ण थाक्रेवासीहरुमा हार्दिक अपिल गर्दछु।

**धन्यवाद !**

**रामकुमार आचार्य**
**गाँउपालिका अध्यक्ष**
**मिति २०८२ आषाढ १० गते, मङ्गलबार।**